फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेभसाइट :- www.kapilvastu.pmamp.gov.n

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

प.सं. : २०८१/८२
च.नं. : ४३५

मिति : २०८१/१२/२६

विषय : सम्झौता गर्ने म्याद थप गरिएको सम्बन्धमा ।

श्री छनौट भएका सेवाग्राही/लाभग्राही सबै

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तुको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत स्वीकृत जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग, सिचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार, साना सिचाई निर्माण तथा मर्मत सम्भार (साना सिचाई निर्माण), चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग, भण्डार, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना, मत्स्य ह्याचरी स्थापना सहयोग कार्यक्रम (५०% अनुदान), उत्पादन सामग्रीमा अनुदान (माछा दाना) र माछा मार्ने जाल अनुदानमा वितरण कार्यक्रमको लागि मिति २०८१/१२/११ गते बसेको प्राविधिक समितिको बैठकको सिफारिस बमोजिम परियोजना कार्यान्वयन एकाइबाट छनोट भएका कृषि समूह/सहकारी/समिति/निजि उधमीहरूले सम्झौता गर्नका लागि मिति २०८१/१२/१७ मा सूचना प्रकाशन गरिएको र सोको म्याद २०८१/१२/२३ गते सकिएकोले मिति २०८२/०१/०१ सम्म थप ७ (सात) दिनका लागि सम्झौता गर्ने म्याद थप गरिएकोले आवश्यक कागजात सहित कार्यालयमा उपस्थित भई सम्झौता गर्नुहुन अनुरोध छ ।

आवश्यक कागजातहरू

१. रु. १०/- को टिकट टाँस सहित सम्झौता गरिपाउँ भन्ने निवेदन ।
२. प्रोपराईटर/ अध्यक्षको नागरिकताको प्रतिलिपि ।
३. समूह/सहकारी/समितिको हकमा कार्यक्रम संचालन सम्बन्धी संस्थागत निर्णय तथा सम्झौताको लागि अधिकारनामा निर्णयको प्रतिलिपि ।
४. समूह/सहकारी/समिति आदिको दर्ता प्रमाण-पत्रको प्रतिलिपि र पान नं. को प्रतिलिपि तथा आ.व. २०८०/०८१ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
५. जग्गाधनी लालपुर्जाको प्रतिलिपि । जग्गा लिज/करारमा लिएको भए कम्तिमा ५ वर्षको करारनामा ।
६. ट्रयाक्टरबाट सञ्चालन हुने यन्त्र उपकरणको हकमा ट्रयाक्टरको नवीकरण भएको ब्लु बुकको प्रतिलिपि अनिवार्य।
७. सम्झौता गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनसम्म सम्झौता गर्न सकिनेछ ।

सम्पूर्ण कागजातहरु सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरि फाईल साथ पेश गर्नुपर्नेछ ।

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत